नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.................................................)

फोन नं.: ४५३४१११, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: ०७८/७९
चलानी नं.: चलानी नं. : १३०६

मिति: २०७९/०१/२३

विषयः- माथिल्लो पेल्मा खोला ज.वि.आ. तनहुको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री युनिट्स इनर्जी प्रा.लि.,
कुपण्डोल, ललितपुर, नेपाल ।
फोन न. ९८४१३००८८१
इमेलः unitsenergy78@gmail.com

प्रस्तुत विषयमा तहाँबाट रुकुम पूर्व जिल्लामा अवस्थित पेल्मा खोलामा प्रस्तावित माथिल्लो पेल्मा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरि पेश भएको दरखास्त माथि कारबाही हुँदा तपसिल बमोजिमका नपुग कागजात/प्रतिवेदनहरू सात (७) दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०७९/०१/२१ गतेको विभागीय निर्णयानुसार जानकारी गराइन्छ ।

तपसिल (माग गरिएका नपुग प्रतिवेदनहरू/कारणहरू):

१। विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ को दफा ८ बमोजिम हुने गरि प्रबर्द्धकको हालैओक आर्थिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजातहरुको विवरण(चार्टर्ड एकाउन्टेन्टबाट जारी गरिएको सक्कल वा प्रमाणित नेटवर्थ प्रमाणपत्र) तथा चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता प्रमाणपत्र एवम् नविकरण भएको निस्साको प्रमाणित प्रतिलिपि।

२। पेश भएको सम्झौतामा हस्ताक्षर गर्ने व्यक्तिको नाम नदेखिएकोले प्रबर्द्धक र परामर्शदाता संस्था बिचमा आयोजना अध्ययन गर्नका लागि भएको सम्झौताको प्रति।

(रवि नेपाल)
इन्जिनियर